आज मिति २०७७/१२/३१ गते प्रमुख जिल्ला अधिकारी श्री श्रवण कुमार तिमिल्सिनाज्यूको अध्यक्षतामा बसेको DCCMC (District Covid-19 Crisis Management Center) बैठकले देहायका पदाधिकारीहरुको उपस्थितिमा निम्न बमोजिम गर्ने निर्णय गरियो ।

**उपस्थिति**

प्र.जि.अ श्री श्रवण कुमार तिमिल्सिना, जिल्ला प्रशासन कार्यालय, झापा

स.प्र.जि.अ. श्री कृष्ण बहादुर शाही, जिल्ला प्रशासन कार्यालय झापा

प्र.उ. श्री सानुराम भट्टराई, जिल्ला प्रहरी कार्यालय, झापा

स.प्र.उ. श्री रमेश कुमार पाण्डे, सशस्त्र प्रहरी वल, २ नं. गण हे.क्वा, झापा

उप. अनुसन्धान निर्देशक श्री तिलक शर्मा प्रसाई, जिल्ला अनुसन्धान कार्यालय, झापा

सेनासी श्री आकृति घिमिरे, नेपाली सेना, नयाँ श्रीनाथ गण, झापा

मे. सु. श्री पिताम्बर ठाकुर, मेची अंचल अस्पताल, झापा

नि.जनस्वास्थय प्रमुख श्री ईश्वरी प्रसाद पौडेल, स्वास्थ्य कार्यालय, झापा

सभापती श्री लोकराज ढकाल, नेपाल रेडक्रस सोसाइटी, झापा शाखा

ना.सु. श्री भानुभक्त भट्टराई, जिल्ला समन्वय समितिको कार्यालय झापा

**निर्णयहरु :**

१. कोभिड-१९ सम्बन्धी अघिल्लो बैठकमा भएका निर्णयहरुको समिक्षा तथा विश्लेषण गरियो ।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगरको च.नं. ८५७ मिति २०७७/१२/२९ गतेको पत्रसाथ प्राप्त मिति २०७७/१२/२७ गतेको आन्तरिक मामिला तथा कानून मन्त्री माननीय हिक्मतकुमार कार्कीज्यूको अध्यक्षतामा बसेको प्रदेश सुरक्षा समितिको बैठकको निर्णय जानकारी भयो । सो सम्बन्धमा प्राप्त निर्देशनको कार्यान्वयन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

३. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण छिमेकी राष्ट्र भारतमा व्यापक रुपमा फैलिएको र नेपालमा समेत पूनः संक्रमण दर बढ्न थालेको हुँदा घर बाहिर निस्किदा सबैले अनिवार्य रुपमा स्वास्थ्य मापदण्ड पालना गर्ने । सार्वजनिक स्थानहरुमा भिडभाड नगर्न, सभा, सम्मेलन, गोष्ठी, सेमिनार, मेला, महोत्सव जस्ता कार्यक्रम नगर्न नगराउन यस जिल्लाका सबै पालिकाहरु तथा सम्बन्धित सबैमा अनुरोध गर्ने ।

४. कोभिड-१९ को संक्रमणलाई मध्यनजर गरी काँकडभिट्टा स्थित नेपाल-भारत सीमानाकामा संचालनमा रहेको होल्डीङ्ग सेन्टरलाई थप व्यवस्थित बनाउन तिन वटा जेम्बर स्थापना गर्ने, खानेपानी, वासरुम लगायतका न्यूनतम सेवाहरु व्यवस्थापन गर्ने ।

५. यस जिल्लाको मित्रराष्ट्र भारतसंग १४४.२ कि.मि. खुल्ला सिमाना रहेको र उक्त सीमामा सशस्त्र प्रहरी बल नेपालको १८ वटा वि.ओ.पि. तथा सीमा क्षेत्रमा तैनाथ नेपाल प्रहरीका युनिटहरुलाई समेत परिचालन गरी सीमानाकामा थप कडाइ गर्ने ।

६. कोभिड-१९ को संक्रमण जोखिमबाट बच्न आवश्यक स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गर्ने गराउने सम्बन्धमा जनचेतनामूलक सूचना प्रचार प्रसार गर्न सबै स्थानीय तहहरुलाई अनुरोध गर्नुका साथै नेपाल प्रहरी मार्फत माइकिङ्ग समेत गर्ने ।

७. कोरोना संक्रमण भएका विरामीहरुलाई जिल्लाको अस्पताल तथा जिल्ला वाहिरका अस्पतालमा पठाउनु पर्ने अवस्थामा जिल्लामा संचालित एम्बुलेन्सहरुको पालोको तालिका (Rotation) बनाई दैनिक रुपमा कम्तीमा दिनको दुई वटा एम्बुलेन्सलाई तयारी अवस्थामा राख्ने । यस कार्यको संयोजन जिल्ला ऐम्बुलेन्स चालक संघसंग सहकार्य गर्दै पालिकाहरुसंग समेत समन्वय गरी आवश्यक व्यवस्था मिलाउन स्वास्थ्य कार्यालय, झापालाई जिम्मेवारी दिने । उक्त तालिका

अनुसार पालोमा परेका दुईवटा ऐम्बुलेन्स जिल्ला प्रहरी कार्यालय, झापामा-१ थान र इलाका प्रहरी कार्यालय, विर्तामोडमा-१ थान तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने ।

८. काँकरभिट्टा सीमानाकामा शंकास्पद व्यक्तिहरुको एन्टिजेन टेष्ट पोजेटिभ देखिए त्यस्ता विरामीहरुलाई सम्बन्धित पालिकासंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने ।

९. जिल्ला स्थित सबै पालिकाहरुमा रहेका क्वारेन्टाइन/आइसोलेसन बेड तयारी अवस्थामा राख्न सबै पालिकाहरुलाई पूनः अनुरोध गर्ने ।

१०. सेवाग्राहीहरुको बढी भिडभाड हुने कार्यालयहरुले भिडभाडलाई व्यवस्थित गरी अनिवार्य रुपमा स्वास्थ्य सुरक्षा मापदण्डको पालना गर्न/गराउन जिल्ला स्थित सबै कार्यालयहरुलाई अनुरोध गर्ने।

११. छिमेकी मुलुक भारतमा कोभिड-१९ को संक्रमण तीव्र रुपमा फैलिदै गरेको र खुला सीमा नाकाको कारण नेपालमा समेत त्यस्को असर पर्ने भएको हुँदा अति आवश्यक काम नपरी नेपाल-भारत आवतजावत नगर्न समेत सबै सर्व-साधारणमा अनुरोध गर्ने निर्णय गरियो ।

१२. होल्डिङ्ग सेन्टर तथा सीमा क्षेत्रमा खटिएका सुरक्षाकर्मीहरुको लागि आवश्यक पर्ने स्वास्थ्य सुरक्षा सामाग्रीहरु सम्बन्धित पालिकाबाट व्यवस्थापन गर्न अनुरोध गर्ने ।